# कोभिड-१९ परीक्षण: बारम्बार सोधिने प्रश्नहरू (एफएक्यु)

यसका दुईवटा प्रमुख परीक्षणहरू निम्न छन्:

- **निदानात्मक परीक्षण:** हाल कसैमा कोभिड-१९ छ कि छैन (**हाल** उनीहरू बिरामी छन् वा छैनन्) भनी पहिचान गर्न स्वाब वा रालको परीक्षण।
- **एन्टीबडी परीक्षण (सेरोलोजी परीक्षण** पनि भनिने): **पहिलेको** कुनै समयमा कसैलाई कोभिड-१९ थियो कि थिएन भनी पहिचान गर्नका लागि गरिने रक्त परीक्षण।

## हालको सङ्क्रमणका लागि निदानात्मक परीक्षण

**निदानात्मक परीक्षण कसरी गरिन्छ?**

निदानात्मक परीक्षण तपाईँको नाक वा घाँटीमा एउटा स्वाब (लामो क्यु-टिप जस्तै) छिराएर वा राल सङ्कलन गरेर गरिन्छ। सामान्यतया स्वाब वा रालको नमुनालाई प्रयोगशालामा पठाउनु पर्छ, यद्यपि केही परीक्षणहरू स्वास्थ्य स्याहार प्रदायकको कार्यालयमा सञ्चालन गर्न सकिन्छ। यदि तपाईँमा कोभिड-१९ का लक्षणहरू देखिएका छन् भने, तपाईँले आफ्नो परीक्षण नतिजाको प्रतिक्षा गर्दा सम्भव भएसम्म घरमै बस्नु पर्नेछ (र, यदि तपाईँको नतिजा सकारात्मक आयो भने, तपाईँले त्यो काम जारी राख्नु पर्नेछ)।

**कसले कोभिड-१९ निदानात्मक परीक्षण लिनु पर्नेछ?**

सम्पूर्ण न्युयोर्कवासीहरूले कोभिड-१९ का लागि परीक्षण गराउनु पर्नेछ। यदि तपाईँमा लक्षणहरू देखिएका छन्, तपाईँ कोभिड-१९ निदान गरिएको वा कोभिड-१९ का लक्षण भएको कोहीसँग नजिकको सम्पर्कमा हुनुहुन्थ्यो, हालसालै तपाईँ विरोध र्‍याली वा अन्य ठूलो जमघटमा सामेल हुनुहुन्थ्यो, गम्भीर बिरामीको उच्च जोखिममा भएको कोहीसँग भेट गर्ने योजना बनाउँदै हुनुहुन्छ, सामूहिक आवासीय व्यवस्थापन (जस्तै नर्सिङ होम) मा बस्नु वा काम गर्नुहुन्छ, वा स्वास्थ्य स्याहारमा काम गर्नुहुन्छ वा अरूसँग नियमित नजिकको सम्पर्क हुने किसिमको रोजगारमा हुनुहुन्छ भने तपाईँले परीक्षण गराउनु विशेष रूपमा जरुरी छ। परीक्षण स्थल पत्ता लगाउनका लागि, nyc.gov/covidtest हेर्नुहोस्।

**सकारात्मक निदानात्मक परीक्षण नतिजाको अर्थ के हो?**

**सकारात्मक** परीक्षण नतिजाको अर्थ **तपाईँलाई अहिले कोभिड-१९ भएको अत्यन्त** धेरै सम्भावना रहेको र भाइरस प्रसारणको जोखिम घटाउनका लागि तपाईँले घरमा बस्नु पर्ने र अनुहारको आवरणको प्रयोग र राम्रो हातको सरसफाई र शारीरिक पृथकीकरणका अभ्यासहरू सहित सावधानीहरू अपनाउनु पर्छ भन्ने हो। आफू बिरामी हुँदा के गर्ने, अरूलाई कसरी जोगाउने, आफूले कहिले घर छाड्न हुन्छ र कहिले स्याहार प्राप्त गर्ने बारेको जानकारी nyc.gov/health/coronavirus मा उपलब्ध छ।

**नकारात्मक निदानात्मक परीक्षणको अर्थ के हो?**

**नकारात्मक** परिक्षण नतिजाको अर्थ तपाईँमा कोभिड-१९ **नहुने** अत्यन्त धेरै सम्भावना रहेको भन्ने बुझिन्छ। तपाईँले राम्रो हातको सरसफाई र शारीरिक पृथकीकरणको अभ्यास जारी राख्नु पर्नेछ र अनुहारको आवरण लगाउनु पर्नेछ। यो त्यसबेला अझ जरूरी हुन्छ जब तपाईँमा लक्षणहरू देखिन्छन् किनकि तपाईँ भाइरस सङ्क्रमित भएको तर परीक्षणले त्यो पत्ता नलगाएको हुन सक्छ।

## पहिलेको सङ्क्रमणका लागि एन्टीबडी परीक्षण

**एन्टीबडीहरू केके हुन्?**
एन्टीबडीहरू ती विशेष प्रोटिनहरू हुन् जसलाई शरीरले सङ्क्रमणसँग लड्न मद्दतका लागि उत्पादन गर्छ। कुनै व्यक्तिलाई केही लक्षणहरू भए वा लक्षणहरू नै नभए पनि ती उत्पन्न हुन सक्छन्। सङ्क्रमण पछि एन्टीबडी बन्नलाई र रगतमा देखिनका लागि केही समय लाग्छ। कहिकाहीँ एन्टीबडीहरूले हामीलाई त्यही सङ्क्रमण हुनबाट जोगाउँछन्, तर **यही कुरा कोभिड-१९ का लागि सत्य हो वा होइन हामीलाई अझै थाहा छैन**। कसैलाई कोभिड-१९ रोग लागे शरीरमा कति छिटो एन्टीबडीहरू उत्पन्न हुन्छन् र सङ्क्रमणको प्रतिक्रियास्वरूप बनिने एन्टीबडीको मात्रा र किसिमका भिन्नताहरू बारे पनि हामीलाई अहिलेसम्म थाहा छैन।

**कोभिड-१९ एन्टीबडी परीक्षणको उद्देश्य के हो?**
एन्टीबडी परीक्षणले हामीलाई कोभिड-१९ लाई राम्ररी बुझ्न मद्दत गर्न सक्छ, जसमा शरीरले भाइरसप्रति कस्तो प्रतिक्रिया देखाउँछ र कति पटक भाइरसले लक्षण देखिने गरी सङ्क्रमण गर्न सक्छ भन्ने कुरा सामेल छन्। यसले हामीलाई कतिजना मानिसहरूलाई कोभिड-१९ लागेको छ भनी अनुमान गर्न पनि मद्दत गर्दछ। **यी परीक्षणहरू सामुदायिक स्वास्थ्यका लागि महत्त्वपूर्ण छन् तर व्यक्तिगत स्वास्थ्यका लागि व्याख्या गर्न कठिन छन्, किनकि यी एन्टीबडीहरूले मानिसलाई भाइरसप्रति रोगप्रतिरोधक बनाउँछन् कि बनाउँदैनन् भन्ने कुरा हामीलाई अझसम्म थाहा छैन।**

**कसले एन्टीबडी परीक्षण गराउन सक्छ?**
कोही बिरामी हुँदा एन्टीबडीहरू विकसित हुन समय लाग्छ, त्यसैले अहिले बिरामी वा हालसालै बिरामी भएका व्यक्तिहरूमा एन्टीबडी परीक्षण शुद्ध हुँदैन। कोभिड-१९ का लक्षणहरू भएका, बितेको दुई हप्तामा कोभिड-१९ का लक्षणहरू भएका वा बितेको दुई हप्ताबीच (नमुना लिइएको मितिमा आधारित) मा कोभिड-१९ का लागि सकारात्मक निदानात्मक परीक्षण भएका मानिसहरूमा एन्टीबडी परीक्षण **गर्नु हुँदैन**।

**एन्टीबडी परीक्षण कसरी गरिन्छ?**
एन्टीबडी परीक्षणका लागि औँलाबाट फिङ्गर स्टिकले वा तपाईँको हातको धमनी (रक्तनली) बाट रगतको नमुना निकाल्न आवश्यक पर्छ। त्यसपछि तपाईँको रगतको नमुनालाई प्रयोगशालामा पठाइन्छ।

**सकारात्मक एन्टीबडी परीक्षण नतिजाको अर्थ के हो?**
सकारात्मक परीक्षण नतिजा आउनुको अर्थ तपाईँको रगतमा एन्टीबडीहरू पत्ता लागेको र **बितेको समयको कुनै बिन्दुमा तपाईँलाई कोभिड-१९ भएको हुन सक्ने** हो। यद्यपि, तपाईँलाई कोभिड-१९ नभएको र ती एन्टीबडीहरू अन्य सम्बन्धित भाइरसको सङ्क्रमणबाट भएको हुन सक्ने सम्भावना पनि छ। यसलाई कहिलेकाहीँ गलत सकारात्मक भनिन्छ।

**यदि मेरो परीक्षण नतिजा सकारात्मक आयो भने, के त्यसको अर्थ म कोभिड-१९ प्रतिरोधी छु भन्ने हुन्छ?**
कोभिड-१९ को प्रतिक्रियामा विकसित भएका एन्टीबडीहरूले हामीलाई फेरि सो रोग लाग्नबाट बचाउन सक्छन् सक्दैनन्, यदि थोरै सुरक्षा भए पनि त्यो कति समय रहन्छ भन्ने कुहा हामीलाई अझसम्म थाहा छैन। तपाईँले शारीरिक पृथकीकरण र हातको राम्रो सरसफाईको अभ्यास र अनुहारको आवरण लगाउन जारी राख्नु जरूरी छ।

**नकारात्मक एन्टीबडी परीक्षणको अर्थ के हो?**
**नकारात्मक** एन्टीबडी परीक्षणको अर्थ तपाईँको रगतमा एन्टीबडीहरू पत्ता लागेनन् र सम्भवतः तपाईँलाई कोभि-१९ **छैन** भन्ने हो। यद्यपि, यसको अर्थ तपाईँलाई कोभिड-१९ थियो तर:

- एन्टीबडीहरू विकसित हुनका लागि पर्याप्त समय थिएन, **वा**

- परीक्षणले पत्ता लगाउन सक्ने गरी तपाईँको शरीरले पर्याप्त एन्टीबडी उत्पादन गरेन; **वा**
- प्रयोग गरिएको एन्टीबडी परीक्षणको शुद्धतामै समस्याहरू थिए।

**यदि  मेरो परीक्षण सकारात्मक आयो भने, के म मेरो परिवार वा अरू वरिपरि हुन सुरक्षित हुन्छ?**
सकारात्मक परीक्षण नतिजा आउनुको अर्थ बितेको समयको कुनै बिन्दुमा तपाईँ कोभिड-१९ बाट सङ्क्रमित भएको हुन सक्ने हो। बितेको समयको अवधि अनुसार, तपाईँ सो सङ्क्रमणबाट सङ्क्रमित नै भैरहने सम्भावना अत्यन्त कम हुन्छ। यद्यपि, तपाईँलाई फेरि कोभिड-१९ हुन्छ कि हुँदैन भन्ने हामीलाई अहिलेसम्म थाहा छैन।

**के मेरो परीक्षण नतिजाले मेरो काममा जाने नजाने कुरा प्रभावित पार्न सक्छ?**
पार्दैन। कुनै सकारात्मक वा नकारात्मक परीक्षण नतिजालाई तपाईँ काममा जाने वा नजाने बारे निर्णय गर्न तपाईँको रोजगारदाताले प्रयोग गर्नु हुनेछैन। तपाईँको परीक्षणको नतिजा जे भएता पनि, तपाईँले अनुहारको आवरण लगाउन र आफ्नो रोजगारदाताले सिफारिस गरेको व्यक्तिगत सुरक्षा उपकरण प्रयोग गर्न जारी राख्नुपर्नेछ।

**एनवाइसि स्वास्थ्य विभागले परिस्थितिहरू विकसित हुँदै जाँदा सिफारिसहरू परिवर्तन गर्न सक्नेछ।** 7.13.20